बैठक नं. ६

आज मिति २०७९ असार १६ गते, बिहीबार दिनको १२:०० बजे प्रमुख श्री सुनिल प्रजापतिज्यूको अध्यक्षतामा भक्तपुर नगरपालिका नगर कार्यपालिका बैठक भनपा वडा नं. २ स्थित नयां भवन व्यासीमा निम्न उपस्थितिमा बसी निम्न विषयमा छलफल र निर्णय गरियो :

***<u>उपस्थिति</u>***

१. प्रमुख श्री सुनिल प्रजापति

२. उप-प्रमुख श्री रजनी जोशी

३. वडाध्यक्ष श्री श्याम कृष्ण खत्री

४. वडाध्यक्ष श्री हरि प्रसाद बासुकला

५. वडाध्यक्ष श्री राज कृष्ण गोरा

६. वडाध्यक्ष श्री उपेन्द्र सुवाल

७. वडाध्यक्ष श्री योगेन्द्रमान बिजुक्छें

८. वडाध्यक्ष श्री हरिराम सुवाल

९. वडाध्यक्ष श्री उकेश कवां

१०. वडाध्यक्ष श्री कृष्ण प्रसाद कोजु

११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व

१२. वडाध्यक्ष श्री लक्ष्मी प्रसाद ह्यौमिखा

१३. कार्यपालिका सदस्य श्री रोशनमैया सुवाल

१४. कार्यपालिका सदस्य श्री छोरीमैया सुजखु (प्रजापति)

१५. कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल)

१६. कार्यपालिका सदस्य श्री कृष्णप्यारी भुजु

१७. कार्यपालिका सदस्य श्री रञ्जना त्वाती

१८. सदस्य सचिव श्री कृष्ण गिरी

विषयहरु :

१. नगर सभा बारे ।

२. विविध ।

निर्णयहरु

१ आ.व. २०७७/०७८ श्रावण १ गतेदेखि २०७९ असार १६ गतेसम्मको नगर कार्यपालिकाको बैठक, विभिन्न समितिहरु, उपसमितिहरु, नगर प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृतबाट भए गरेका सम्पूर्ण निर्णय, आदेश र काम कार्वाही नगरसभाबाट अनुमोदनको लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

२. यस न.पा.को लागि प्राविधिक सल्लाहकार, कानूनी सल्लाहकार र अन्य आवश्यक सेवा र प्राविधिक सेवा, इन्जिनियरिङ्ग सेवा, पशु सेवा, कृषि सेवा, सहकारी सेवा, कार्यालय सहयोगी, माली, सवारी चालक, सरसफाई मजदुर, नकर्मी, इलेक्ट्रिसियन, डकर्मी, सिकर्मी, पेन्टर आदि प्राविधिक पदहरु आवश्यकता अनुसार सेवा करारबाट लिने प्रस्ताव अनुमोदनको लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

३. यस नगरपालिकामा कार्यरत अस्थायी, सेवा करार, मासिक ज्यालादारी र दैनिक ज्यालादारीका जनशक्तिहरुलाई आवश्यकता अनुसार आ.व. २०७९/०८० का लागि म्याद थप गर्ने र सेवा सम्झौतामा आवश्यक संशोधन गरी नविकरण गरी अनुमोदनको लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

४. यस न.पा. मा कार्यरत नगर सरसफाईको ठेक्काहरुको आवश्यकता अनुसार ठेक्का सम्झौता संशोधन गरी २०८० आषाढ मसान्तसम्म ठेक्का अवधि थप गर्ने निर्णय गरी अनुमोदनको लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

५. यस नगरपालिकाको नियमित नगर सभा बसेको समय बाहेकको समयमा नगर सभाबाट गर्ने सम्पूर्ण काम कार्वाही गर्नको लागि नगर कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने प्रस्ताव अनुमोदनको लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

६. यस नगरपालिकाको संगठन स्वरुप र साविक दरबन्दीलाई आवश्यकता अनुसार संगठन तथा व्यवस्थापन (O & M) गरी संगठन परिमार्जन र दरबन्दी मिलान गर्न भ.न.पा. कार्यपालिकालाई अधिकार दिने निर्णय अनुमोदनको लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

७. यस न.पा.को आ.व.२०७९/०८० को लागि सम्पूर्ण कर्मचारीहरुको पेश भए बमोजिमको भ.न.पा. कार्यपालिकाबाट पारित तलवी प्रतिवेदन स्वीकृत गरी अनुमोदनको लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

८ यस नगरपालिकाको आ.व २०७८।७९ मा स्वीकृत तथा सम्पन्न विकास निर्माण र सम्पदासंग सम्बन्धित योजना आयोजनाहरुको जाँचपास तथा फरफारक गर्ने निर्णय गरी अनुमोदनको लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

९. आ.व. २०७८/०७९ को सामाजिक सुरक्षा भत्ता तथा आर्थिक सहायता रकम अन्तर्गत चौथो त्रैमासिक (२०७९ बैशाख, जेठ र असार) को सामाजिक सुरक्षा भत्ता तथा आर्थिक सहायता मिति २०७९ असार १९ गतेदेखि सम्बन्धित वडा कार्यालय र बैंकहरु मार्फत वितरण गर्ने निर्णय गरियो ।

१०. आ.व. २०७९/०८० मा भक्तपुर नगर क्षेत्रभित्रको घर जग्गा रजिष्ट्रेशन प्रयोजनको लागि जग्गाको न्यूनत्तम मूल्यांकन निम्नानुसार कायम हुने गरी भूमि सुधार तथा मालपोत कार्यालय, भक्तपुरमा लेखी पठाउने निर्णय गरियो :

**भक्तपुर नगरपालिका**

| सि.नं. | विवरण | प्रतिआना (आ.ब.२०७८/०७६)रु. |
|---|---|---|
| | | |
| क | पक्की मोटर बाटो (सडकको दायाा बायाा) | |
| १ | अरनिको राजमार्गसाग जोडिएको | ३३,००,०००.०० |
| २ | सल्लाघारी चोकदेखि दुधपाटी चोकसम्म (सडकको दायांबायां) | २०,००,०००.०० |
| ३ | जगाती च्याम्हसिंह पसिखेल सडकदेखि कमलविनायक चोकसम्म (सडकको दायांबायां) | २०,००,०००.०० |
| ४ | सल्लाघारी चोकदेखि दुवाकोट छुट्टिने खस्याङ खुसुङ खोलासम्म (सडकको दायांबायां) | २०,००,०००.०० |
| ५ | नगरकोट सडक(सल्लाघारी चोक देखि देकोचा सम्म) | |

| | | |
|---|---|---|
| | | २०,००,०००.०० |
| ६ | नगरकोट सडक (देकोचा चोकदेखि भत्केको पाटी सम्म, सडकको दायांबायां) | २०,००,०००.०० |
| ७ | नगरकोट सडक (भत्केपाटीदेखि व्यारेकसम्म, सडकको दायांबायां) | २०,००,०००.०० |
| ८ | साविक कटुन्जेको पक्की मोटर बाटो हाल भ.न.पा. वडा नं. १ र ३ | २०,००,०००.०० |
| ९ | डेकोचाबाट चाँगु जाने पक्की मोटर बाटो (सडकको दायां बायां) | २०,००,०००.०० |
| १० | च्यामासिंह चोकदेखि मालपोत चोक हुंदै साविक ताथलीको सिमाना सम्म (सडकको दायां बायां) | २०,००,०००.०० |
| ११ | ब्यासीचोकदेखि कालीघाटसम्मको दायांबायांको पक्की सडक (सडकको दायां बायां) | २०,००,०००.०० |
| **ख** | **प्लानि[illegible]को पक्की बाटो** | |
| १ | क वर्ग : ७ मिटर र सो भन्दा माथि | १६,००,०००.०० |
| २ | ख वर्ग : ५ मीटर र सो भन्दा माथि। | १४,००,०००.०० |
| ३ | ग वर्ग : ४ मीटर र सो भन्दा माथि | १२,००,०००.०० |
| ४ | घ वर्ग : ४ मीटर भन्दा कम | १०,००,०००.०० |
| | | |
| **ग** | **माथि उल्लेख गरिए बाहेकका पक्की मोटर बाटोको (सडकको दायांबायां)** | १०,००,०००.०० |
| **घ** | **प्लानि[illegible]को कच्ची बाटो** | |
| १ | क वर्ग : ७ मीटर र सो भन्दा माथि | १०,००,०००.०० |
| २ | ख वर्ग : ५ मीटर र सो भन्दा माथि | ८,००,०००.०० |
| ३ | ग वर्ग : ४ मीटर र सो भन्दा माथि | ७,००,०००.०० |
| ४ | घ वर्ग : ४ मीटर भन्दा कम | ६,००,०००.०० |
| **ङ.** | **माथिउल्लेख गरिए बाहेक अन्य कच्ची मोटर बाटो (सडकको दायांबायां)** | ७,००,०००.०० |
| **च.** | **गोरेटो बाटोमा जोडिएको** | ४,० ०,०००.०० |
| **छ.** | **शहरी इलाका** | |
| १ | शहरी इलाका (क) मूलबाटो | |
| | मूल बाटो भन्नालेः अ) **च्याम्हासिंह ढोका देखि इनाग हुँदै दुधपाटी सम्मको बाटो** | १५,००,०००.०० |
| | आ) **दुधपाटी देखि खौमा हुँदै साकोठा सम्मको बाटो तथा** | |
| | इ) **सूर्यविनायक ग:पली देखि(भुलंचा सडक समेत)बुल्चा सम्मको बाटो लाई जनाउने छ।** | |
| २ | शहरी इलाका (ख) सहायक बाटो | १२,००,०००.०० |
| ३ | शहरी इलाका (ग) गल्ली बाटो | ८,००,०००.०० |
| ४ | शहरी इलाका (घ) चोकबाटो(**सागल समेत**) | ६,००,०००.०० |
| ५ | शहरी इलाका (ङ), (च) र (छ) घरमुनिको बाटो (लाबो) | ५,००,०००.०० |
| **ज.** | **बाटो नभएको जग्गा** | ४,००,०००.०० |

| | | |
|---|---|---|
| १. | असगालदेखि सिंहाख्वोतंसम्म हुंदै धँला खुसीसम्म | १०,००,०००.०० |
| २ | चो□ा गणेशदेखि नगरकोट बाटोसम्म | १०,००,०००.०० |
| ३ | नपली फांट | १०,००,०००.०० |

## १०. विविध विषयमा छलफल हुंदा निम्नानुसार गर्ने निर्णय गरियो :

## क. निर्माण समिति

मिति २०७९/०३/१४ गते र ०७९।३।१६ गतेको निम्न निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो :

| क्र. सं. | योजनाका विवरण | वडा नं | बजेट | ल.ई.रकम | रिभाइज ल.ई. | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्याकन रकम | योजनाको अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | **ल.ई. स्वीकृति सम्बन्धमा** | | | | | | | | | | | |
| १ | तुमचो दुगुरे खानेपानी पाइप बिछ्याउने कार्य गर्नको लागि विभिन्न किसिमको फिटिंगको सामान खरिद कार्य | ९ | बाग्मती प्रदेश विशेष बजेट | ७५५,८५७।०० | | | | | | | | |
| २ | तुमचो दुगुरे खानेपानी पाइप बिछ्याउने कार्य गर्नको लागि विभिन्न किसिमको फिटिंगको सामान खरिद कार्य | ९ | बाग्मती प्रदेश सांसद कोष | ९९९,४८५।०० | | | | | | | | |
| | **रि.ल.ई. स्वीकृति/पेश्की फछ्र्यौट /भुक्तानी सम्बन्धमा** | | | | | | | | | | | |
| १ | भार्वाचोदेखि गणेश मा.वि.सम्म सडकमा ढुंगा छपाई कार्य | १ | बाग्मती प्रदेश सांसद कोष | ४,००९,३१७।९० | ४,३६१,९२१।९१ | १,३००,०००।०० | ३,९९९,९२३।६५ | २,६९९,९२३।६५ | ४,२९१,९८२।६४ | सम्पन्न | गोपाल शिल्पकार | |
| २ | चण्डेश्वरी आधारभूत विद्यालयको पर्खाल निर्माण कार्य | ७ | बाग्मती प्रदेश सांसद कोष २०७७/७ | १,१८९,३७२।४० | १,८४२,१४१।७० | ३५०,०००।००<br>३४०,७७६। | ६५९,२२३।८९<br>३३६,५६३।१३ | ३०९,२२३।८९ | १,१६५,०५६।०८ | सम्पन्न | लक्ष्मीनारायण त्वानाबासु | रू. ४,२१३ रूपैयां नपाको बैक खातामा दाखिला |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ८ | | | ११ | | | | | | |
| | | | | | | **६९०,७७६।११** | **९९५,७८७।०२** | **३०९,२२३।८९** | | | | |
| ३ | प्रभात ई. स्कूल खानेपानीको व्यवस्थापन | ६ | बाग्मती प्रदेश सांसद कोष | १,१३२,८१८।२२ | | ३३०,०००।०० | ९९९,८६२।०५ | ६६९,८६२।०५ | १,०४२,००७।७९ | सम्पन्न | सुजाता ध्वोजू | |
| | **ल.ई. स्वीकृति/भुक्तानी सम्बन्धमा** | | | | | | | | | | | |
| १ | भ.न.पा. १ देखि १० वडासम्म विभिन्न ठाउंहरूमा निर्माण सम्बन्धी मर्मत कार्य (फागुन महिनाको ज्याला) | १–१० | मर्मत | २३३,४३२।४२ | सामान तर्फ | | २३३,४३२।४२ | | २३३,४३२।४२ | सम्पन्न | | सामान जिन्सी शाखाबाट प्राप्त भएको |
| | | | | ७६,५४७।७४ | ज्याला तर्फ | | ७४,८२५।०० | ७४,८२५।०० | ७५,१४४।९४ | | | |
| | | | | **३०९,९८०।१६** | **जम्मा** | | **३०८,२५७।४२** | **७४,८२५।००** | **३०८,५७७।३६** | | | |
| | **भुक्तानी सम्बन्धमा** | | | | | | | | | | | |
| १ | मेघा मा.वि.को लागि कम्प्युटर खरिद कार्य | ३ | बाग्मती प्रदेश सांसद कोष | ४९९,६८६।०० | | | ४९९,६८६।०० | ४९९,६८६।०० | ४९९,६८६।०० | सम्पन्न | गोविन्द मल्ल | |
| २ | आधुनिक प्रविधिको उपयोग गरी फोहोरमैला व्यवस्थापन निर्माण कार्य अन्तर्गत Procurement of Excavator | ८ | संघीय सरकार विशेष बजेट | कबोल अङ्क ६३,९०,०००।०० | | | | भ्याट बाहेक ६३,९०,०००।०० | भ्याट बाहेक ६३,९०,०००।०० | सम्पन्न | Bhajuratna Agency Pvt. Ltd. | |
| | **म्याद थप सम्बन्धमा** | | | | | | | | | | | |
| १ | पुरानो जगाती बाटोमा फुटपाथ निर्माण कार्य | ८ | २,३०७,४४०।१८ | | | मिति २०७९ पुस मसान्तसम्म म्याद थप गर्ने गरियो । | | | | | | |
| **उपभोक्ता/अनुगमन समिति स्वीकृत सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | शारदा मा.वि.को दोस्रो तल्ला निर्माण कार्य | २ | नपा | २,०६४,६३९।०५ | | उ.स.अ.:श्री रत्नकाजी नायभारी अ.स.स. : श्री न्हुछेराम कोजू | | | | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | भक्तपुर नगरपालिकाको भूमिगत तल्लामा चेन गेट निर्माण कार्य | २ | मर्मत | ११९,५९१।६७ | | उ.स.अ.:श्री हरिप्रसाद सुवाल<br>अ.स.स. : श्री न्हुछेराम कोजू | | | | | |

मिति २०७९/०३/१६ गतेको निर्माण समितिको निर्णयहरू :

| क्र.सं | योजनाका विवरण | वडा नं | बजेट | ल.ई. रकम | रिभाइज ल.ई. | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्याकन रकम | योजनाको अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **ल.ई. स्वीकृति सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | कमलविनायक भुतेपाटी सडकमा ग्राभेलिध तथा सिचाई कार्य | १० | बाग्मती प्रदेश सांसद कोष | १,०३५,७५८।७५ | | | | | | | | |
| **उपभोक्ता/अनुगमन समिति स्वीकृत सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | कमलविनायक भुतेपाटी सडकमा ग्राभेलिध तथा सिचाई कार्य | १० | बाग्मती प्रदेश सांसद कोष | १,०३५,७५८।७५ | | उ.स.अ. : श्री रामप्रसाद बासुकला<br>अ.स.स. : श्री कृष्णनारायण दुमरू | | | | | | |
| **म्याद थप सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | सिद्ध पोखरी परिसर उत्तरतर्फको गुह्यश्वरी पाटी पुन निर्माण कार्य | १ | नपा | ५,२११,११०।७२ | | मिति २०७९ असोज मसान्तसम्म म्याद थप गर्ने गरियो । | | | | | | |
| **पेश्की फछ्र्यौट/ भुक्तानी सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | ठुलो ब्यासीको बाटोमा ईंटा बाटो मर्मत कार्य | २ | सडक बोर्ड नेपाल | १,०४६,४४४।२६ | | ३३०,०००।०० | ६९३,८५१।३० | ३६३,८५१।३० | ७४४,८४१।९७ | सम्पन्न | सत्य नारायण बासुकला | |
| | | | | | | ३००,०००।०० | ३०५,७८३।१५ | ५,७८३।१५ | ३४८,३०६।६६ | | | |
| | | | | | | **६३०,०००।००** | **९९९,६३४।४५** | **३६९,६३४।४५** | **१,०९३,१४८।६३** | | | |
| २ | आदर निकेतन भवन निर्माण कार्य | ६ | नपा | ७,९९९,९२४।३१ | | १,६५०,०००।०० | १,८३८,२२६।०६ | १८८,२२६।०६ | १,९४४,५७१।७४ | आंशिक सम्पन्न | जगनाथ सुजखू | |
| **भुक्तानी सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | तुमचो दुगुरे चोखा जग्गा एकीकरण आयोजना क्षेत्रमा खानेपानी पाइप जडानको लागि आवश्यक सामान | ९ | बाग्मती प्रदेश विशेष बजेट | ४९९,४६२।२६ | | | | ४९९,४६२।२६ | ४९९,४६२।२६ | सम्पन्न | भिमेश्वर इन्टरप्राइजेज, कोपुण्डोल | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | खरिद कार्य | | | | | | | | | | | |
| २ | ख्वप अस्पताल भवनमा DB install, HT,LT,SDB panel र विद्युतीय कार्य | ९ | | | | | | १२,६०८,४३५।४० | २५,४८४,३३६।५६ | सम्पन्न | जय बुद्ध/छुमा गणेश/आर.आर.जे. भी., भक्तपुर | रू. ६४८४२७०।०६ कट्टा गरी भुक्तानी दिने |
| ३ | ख्वप अस्पताल भवनमा क्वलष्तबचथ ठ एगिदष्लन धयचपक | ९ | | | | ५,१००,०००।०० | ६,४११,२६७।४४ | १,३११,२६७।४४ | ९,८०९,६२८।०१ | सम्पन्न | सांग दोर्जे निर्माण सेवा प्रा.लि. | |
| ४ | ख्वप अस्पताल भवनमा 2mm thick PVC Vinyl Sheet BOQ | ९ | | | | १,३००,०००।०० | ६,५०३,३७६।०० | ५,२०३,३७६।०० | ६,९६६,४९५।२० | सम्पन्न | कास इन्टरनेशनल ट्रेडर्स | |
| ५ | ख्वप अस्पताल भवनमा 20mm thick Granite supply | ९ | | | | १,१२१,८४३।८० | ६,२७५,७५१।६३ | ५,१५३,९०७।८३ | ९,२३१,३७९।६१ | सम्पन्न | टी.एन. बिल्डर्स प्रा.लि. | |
| ६ | ख्वप अस्पताल भवनमा Supply and Installation of Epoxy Paint works | ९ | | | | ५९०,०००।०० | १,२९६,१५२।४० | ७०६,१५२।४० | २,६६९,२८६।९९ | सम्पन्न | भेनस कन्स्ट्रक्सन एण्ड वाटर प्रुफिé | |
| ७ | ख्वप अस्पताल भवनमा Supply and Installation of Aluminium works | ९ | | | | ८००,०००।०० | २,१०६,७०१।९४ | १,३०६,७०१।९४ | २,५६९,६४२।७५ | सम्पन्न | सुन्दर कन्स्ट्रक्सन सर्भिस, भक्तपुर | |

**ख. भक्तपुर नगरपालिकाको फोहोरमैला संकलन गर्ने बा १ भ्क ८७४८ को गाडी मर्मत गरेवापत रु. ७२६५९।–, बा १ भ्क ८७५१ को गाडी मर्मत वापत रु. ९४४९६।२५ र बा ३ च ८७७ को गाडी मर्मत वापत रु.९५,९३७।– गरी कुल रु.२,६३,०९२।२५ अजिमा अटो वर्कशपलाई भुक्तानी दिने निर्णय गरियो ।**

**ग. भक्तपुर नगरपालिकाद्वारा संचालित बा १ क २२६७ को गाडी मर्मत गरे वापत रु.१५,१५३।३० सिद्धि गणेश मोटर पार्टस्लाई भुक्तानी दिने निर्णय गरियो ।**

**घ. भक्तपुर नगरपालिकाद्वारा संचालित बा १ क ९०२५ को बाकोलोडर गाडी मर्मत गरे वापत रु.८७,४९२।५१, गाडी जेसीबी रोबट १५५ गाडी मर्मत वापत रु.३५,३९३।७५ र बा १ क ८१५६ को मर्मत गरे वापत रु.५२०३१।६१ गरी कुल रु. १७४९१७।८७ हाम्रो हेभी इक्वीपमेन्ट वर्कशप प्रा.लि. लाई भुक्तानी दिने निर्णय गरियो ।**

ङ. भक्तपुर नगरपालिकाद्वारा संचालित बा ३ च ७१५० को गाडी मर्मत गरे वापत रु. ९६२७१५८ र बा ५ च २५२८ को गाडी मर्मत वापत रु.७,२८८।५० गरी कुल रु. १,०३,५६०।०८ डेयरवाक अटो सर्भिसेस प्रा.लि. लाई भुक्तानी दिने निर्णय गरियो ।

च. भक्तपुर नगरपालिकाद्वारा संचालित बा २ च ६०४९ को जिप गाडीको टायर पंचर टाल्ने तथा अन्य मर्मत कार्य गरे वापत गाडी चालक नारायण कृष्ण गाइजूलाई रु.२,३९७।- भुक्तानी दिने निर्णय गरियो ।

छ. भक्तपुर नगरपालिकाद्वारा संचालित बा १ ग २२६५ को गाडी मर्मत गरे वापत गाडी चालक राधेश्याम मचाममीलाई रु.१,९५०।- भुक्तानी दिने निर्णय गरियो ।

ज. भक्तपुर नगरपालिकाद्वारा संचालित बा ३ च ८७३ को गाडी मर्मत गरे वापत गाडी चालक लक्ष्मी सुन्दर ह्योंगोजूलाई रु.१,५१०।- भुक्तानी दिने निर्णय गरियो ।

झ. भक्तपुर नगरपालिकाद्वारा संचालित बा १ झ ८७५१ को गाडी मर्मत गरे वापत गाडी चालक तुल्सीराम हेंगजूलाई रु.३,१६०।- भुक्तानी दिने निर्णय गरियो ।

ञ. भक्तपुर नगरपालिकाद्वारा संचालित को १ स १६७८ को गाडी मर्मत गरे वापत गाडी चालक विष्णुप्रसाद देउलालाई रु.२,१५०।- भुक्तानी दिने निर्णय गरियो ।

ट. भक्तपुर नगरपालिकाद्वारा संचालित बा ५ च २५२८ को गाडी मर्मत गरे वापत गाडी चालक मनोजकुमार छुकांलाई रु.१,४५०।- भुक्तानी दिने निर्णय गरियो ।

ठ. भक्तपुर नगरपालिकाद्वारा संचालित बा ३ च ८७७ को गाडी मर्मत गरे वापत गाडी चालक राजेश भैनात्वलाई रु.४,२००।- भुक्तानी दिने निर्णय गरियो ।

ड. भक्तपुर नगरपालिकाद्वारा संचालित बा १ ग २२६३ को गाडी मर्मत गरे वापत गाडी चालक लक्ष्मीप्रसाद दुमरुलाई रु.१,६००।- भुक्तानी दिने निर्णय गरियो ।

ढ. भक्तपुर नगरपालिकाद्वारा संचालित बा १ ग २२६२ को गाडी मर्मत गरे वापत गाडी चालक रविन कोजूलाई रु.७५०।- भुक्तानी गर्ने निर्णय गरियो ।

ण. नपामा विभिन्न समयमा खाजा नास्ता उपलब्ध गराए वापत दिव्य स्विट्सलाई रु.११,६००।- भुक्तानी दिने निर्णय गरियो ।

त. भक्तपुर नगरपालिका, भक्तपुर नगर कार्यपालिका विरुद्ध विभिन्न पक्षबाट विभिन्न अड्डा अदालतमा दायर गरेका, दायर हुन सक्ने मुद्दा, उजुरी, रिट निवेदनमा प्रति उत्तर/लिखित जवाफ पेश गर्न एवम् भक्तपुर नगरपालिका, भक्तपुर नगर कार्यपालिकाको तर्फबाट विभिन्न अड्डा अदालतमा विभिन्न पत्र, उजुरी, फिराद, रिट निवेदन, पुनरावेदन समेत गर्न अख्तियारी दिने सम्बन्धमा छलफल हुंदा नगर प्रमुख श्री सुनिल प्रजापतिलाई अख्तियारी दिने निर्णय गरियो ।

थ.  भक्तपुर नगरपालिका कार्यालय विरुद्ध विभिन्न पक्षबाट विभिन्न अड्डा अदालतमा दायर गरेका, दायर हुन सक्ने मुद्दा, उजुरी, रिट निवेदनमा प्रति उत्तर/लिखित जवाफ पेश गर्न एवम् भक्तपुर नगरपालिका कार्यालयको तर्फबाट विभिन्न अड्डा अदालतमा विभिन्न पत्र, उजुरी, फिराद, रिट निवेदन, पुनरावेदन समेत गर्न अख्तियारी दिने सम्बन्धमा छलफल हुंदा कार्यालय प्रमुख एवम् प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने निर्णय गरियो ।

द. भक्तपुर नगरपालिका १ देखि १० सम्मका वडा कार्यालय विरुद्ध विभिन्न पक्षबाट विभिन्न अड्डा अदालतमा दायर गरेका, दायर हुन सक्ने मुद्दा, उजुरी, रिट निवेदनमा प्रति उत्तर/लिखित जवाफ पेश गर्न एवम् वडा कार्यालयको तर्फबाट विभिन्न अड्डा अदालतमा विभिन्न पत्र, उजुरी, फिराद, रिट निवेदन, पुनरावेदनसमेत गर्न अख्तियारी दिने सम्बन्धमा सम्बन्धित वडा कार्यालयको बैठक बोलाई निर्णय गर्न १ देखि १० सम्मका वडा कार्यालयलाई लेखी पठाउने निर्णय गरियो ।